नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प सं: ०७५/७६

च नं: ६५२

मितिः२०७६।०१।२६

श्री महा /उपमहा /नगरपालिक, सवै

श्री गाउँपालिका, सवै,

विषयः कर्मचारी स्थायी पदपुर्ति सम्वन्धमा ।

प्रस्तुत विषयमा विभिन्न स्थानीय तहहरूले कर्मचारी स्थायी पदपुर्ति सम्बन्धमा आ– आफ्नो तरिकावाट प्रकृया थालनी गरेको पाइएको छ ।प्रस्तुत विषयमा स्थानीय तहले कर्मचारीको स्थायी पदपूर्ति गर्ने सम्वन्धमा देहायको कानूनी व्यवस्था रहेको छ ।

तपशिल

१. 'नेपालको संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिका कर्मचारी र कार्यालय सम्वन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ' भन्ने व्यवस्था रहेको ।
२. 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८६को उपदफा (१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने' व्यवस्था रहेको छ भने सोही दफाको उपदफा (३) मा 'स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोक सेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियूक्ति गर्नु पर्नेछ' भन्ने व्यवस्था रहेको ।
३. 'कर्मचारी समायोजन ऐन, २०७५ दफा १२ मा सोही ऐनको दफा ३ बमोजिम कायम गरिएको दरबन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूर्ति हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउनु पर्नेछ' भन्ने व्यवस्था रहेको छ भने सोही दफाको प्रतिबन्धासक वाक्यांशमा 'प्रदेश लोक सेवा आयोग गठन नभएसम्मका लागि सम्वन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय मार्फत लोक सेवा आयोगमा अनुरोध गरी पठाउनु पर्नेछ' भन्ने प्रावधान रहेको छ ।

यस सन्दर्भमा, स्थानीय तहवाट रिक्त पदमा स्थायी पदपूर्तिको लागि प्रकृया अगाडि बढाउने व्यवस्था प्रचलित कानूनमा नभएकोले सो सम्वन्धमा प्रचलित कानूनी व्यवस्था वमोजिम प्रकृया अवलम्वन गर्ने व्यवस्था मिलाउने र कानून विपरितका यस्ता सूचना /विज्ञापन भए सो समेत बदर गर्ने भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७६।०१।२६ को निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

जनकराज शर्मा

शाखा अधिकृत

बोधार्थ :

सूचना तथा प्रविधि शाखा, : पत्र वेवसाईडमा अपलोडको लागि ।